जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २५२ • २०८३ असार १८ गते विहिवार • 2 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पारितका लागि पैरवीमूलक कार्यशाला सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ असार**



जनकपुरधाम उपमहा नगरपालिकाले तयार गरेको 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति-२०८२' तथा यसको कार्यान्वयनका लागि प्रस्तावित पाँचवर्षीय विस्तृत कार्ययोजना आगामी कार्यपालिकाको बैठक वाट पारित गराउने उद्देश्यले आयोजित पैरवीमूलक कार्यशाला बुधबार जनकपुरधाममा सम्पन्न भएको छ । बेलायत सरकारको आर्थिक सहयोगमा पिपुल इन निडको नेतृत्व तथा दिव्य विकास स्रोत केन्द्र द्वारा सञ्चालित 'सुरक्षा र न्याय कार्यक्रम' अन्तर्गत आयोजित कार्यशालामा सहभागीहरूले नीति शीघ्र अनुमोदन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके जनकपुरधाम उपमहानगरपालिका मधेश प्रदेशकै उदाहरणीय स्थानीय तह बन्न सक्ने धारणा व्यक्त गरेका थिए ।

कार्यशालामा सहभागी सरोकारवालाहरूले आगामी नगरसभाबाट लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि पर्याप्त बजेट विनियोजन गर्न, उपमहानगरपालिकाका सबै संयन्त्र तथा निकायलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउन तथा नीति कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए। जनकपुरधाम उपमहानगरपालिकाका सामाजिक विकास शाखा प्रमुख सुनील कुमार झाले सीमित स्रोत-साधनका कारण अपेक्षाअनुसार कार्यसम्पादन गर्न चुनौती रहेको उल्लेख गर्दै उपमहानगरपालिकाले आफ्नो तर्फबाट लैङ्गिक हिंसा रोकथामका लागि नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको बताए। उनले दिव्य विकास स्रोत केन्द्रले नीति निर्माण, क्षमता अभिवृद्धि तथा समुदायस्तरमा जनचेतना अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुर्याएको उल्लेख गरे ।

साथै बजेट अभावका कारण केही कार्यक्रम अघि बढाउन कठिनाइ भए पनि नगर प्रमुख सामाजिक विकासका कार्यक्रमलाई निरन्तरता दिन सकारात्मक रहेको र उपमहानगरपालिका भित्र सुरक्षित आवास (सेफ हाउस) स्थापना गर्न आवश्यक जग्गा व्यवस्थापनको लागी आग्रह समेत गरे । उनले सामाजिक विकासका प्रयासलाई सफल बनाउन सबै सरोकारवाला निकायको सक्रिय सहकार्य आवश्यक रहेको उनले बताए । कार्यशालामा सरोकारवालाहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति-२०८२ आगामी कार्यपालिकाको बैठक वाट पारित गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आग्रह गरेका थिए । इन्सेक मधेश प्रदेशका प्रमुख राजु पासवानले मधेश प्रदेशको राजधानी जनकपुरधाममा पछिल्लो समय लैङ्गिक हिंसाका घटना बढ्दो क्रममा रहेको उल्लेख गर्दै हिंसा न्यूनीकरणका लागि प्रभावकारी नीति र यसको कडाइका साथ कार्यान्वयन अपरिहार्य रहेको बताए । उनले हिंसाविरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता पनि औंल्याए । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका प्रतिनिधि प्रदीप कुमार यादवले सबै समुदायको अधिकार सुनिश्चित गर्न र लैङ्गिक हिंसा अन्त्यका लागि यस्तो नीति अत्यन्त आवश्यक रहेको बताए । नीति मस्यौदा तयार भइसक्दा पनि हालसम्म पारित हुन नसकेकोप्रति उनले दुःख व्यक्त गर्दै शीघ्र कार्यान्वयनमा ल्याउन आग्रह गरे । पिपुल इन निडका सुनील कुमार साहले नीति निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै अब ढिलाइ नगरी नीति पारित गरी कार्यान्वयनमा लैजानुपर्ने बताए । मधेश प्रदेशको राजधानीका रूपमा रहेको जनकपुरधाम उपमहानगरपालिकाले यो नीति कार्यान्वयन गरी अन्य स्थानीय तहका लागि समेत प्रेरणादायी उदाहरण प्रस्तुत गर्नुपर्ने उनको भनाइ थियो। सुरक्षा र न्याय कार्यक्रमका परियोजना प्रबन्धक गणेश ठकुरीले नीति कार्यान्वयनपछि सामाजिक विकास, लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा रोकथामका प्रयासहरू थप प्रभावकारी हुने विश्वास व्यक्त गरे। समानतामूलक र समावेशी समाज निर्माणका लागि यस्ता नीतिहरूको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनले बताउनुका साथै सुरक्षा र न्याय कार्यक्रम अन्तर्गगत भएका राम्रा प्रयासको बारेमा आफ्ना धारणा राखेका थिए । दिव्य विकास स्रोत केन्द्रका जागेश्वर यादवले सञ्चालन गरेको उक्त कार्यशालामा सहभागी विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले नीति यथाशीघ्र पारित गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिएका थिए। कार्यक्रमको अध्यक्षता जनकपुरधाम उपमहानगरपालिका वडा नं. २२ का वडाध्यक्ष बिमलेश झाले गरेका थिए । समापन मन्तव्यका क्रममा उनले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सबै सरकारी तथा गैरसरकारी निकायले आफ्नो-आफ्नो क्षेत्रबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । साथै समुदायस्तरमा जनचेतना अभिवृद्धि, नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा सहजीकरण पुर्याएकोमा दिव्य विकास स्रोत केन्द्रप्रति आभार व्यक्त गरे । कार्यशालामा वडा नं. ४ का वडाध्यक्ष सुरेश झा, वडा नं. १४ का वडाध्यक्ष पुण्य प्रसाद यादव, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक शाखा प्रमुख सोर्या साह, जेड्सी फोकल पर्सन सुनिता यादव, योजना शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख तथा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यका क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## पुस्तक लोकार्पण आउ सम्मान समारोह समापन भेल




**सोनी साह**
**गौशाला, १७ असार**

पुस्तक लोकार्पण तथा सम्मान समारोह महोत्तरीको गौशालामा समपन्न भएको छ। महोत्तरीको गौशाला नगरपालिकाको सभा हाँलमा मगही अन्तर्राष्ट्रिय परिषद काठमाडौको अध्यक्ष डा.वीर बहादुर महतोद्वारा आयोजित पुस्तक बिमोचन कार्यक्रममा गौशाला नगरपालिका नगर प्रमुख तथा प्रमुख अतिथि डा.दीपेन्द्र महतोद्वारा जलेश्वर टुडे दैनिकको प्रकाशक तथा सम्पादक प्रा.पवन कुमार साह सहित दर्जनौं व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय मगही शिखर सम्मानले सम्मानित गरेका छन्। सो कार्यक्रममा डा. वीर बहादुर महतोद्वारा लिखित ३ वटा किताबहरु बिमोचन गरिएका थिए । सो कार्यक्रममा विभिन्न क्षेत्रका स्रष्टाहरु सम्मानित भएका थिए । कार्यक्रममा विशिष्ट अतिथि पुर्व मन्त्री लक्ष्मी महतो, पुर्व गृहमन्त्री भरत प्रसाद साह,बाबा आलोक,पुर्व डेनमार्क राजदुत राम स्वार्थ राय ,मधेस प्रज्ञा प्रतिश्ठानको अध्यक्ष र

ाम भरोस कापरि भ्रमर, गौशाला न.पा. प्र. प्र. अधिकृत ओम बहादुर अधिकारी, ने स पा को केन्द्रिय अध्यक्ष र ओबोसी अभियानी रामकुमार महतो र भरत प्रसाद महतो,कवि, पत्रकार , बुद्धिजीवी , विद्यार्थी,समाजसेवी,गुरुवर्गको बाक्लो उपस्थित रहेको थियो। मगही भाषामा लिखित किताबलाई गौशाला नगर पालिकाभित्र विद्यालयमा लागु गरिने नगर प्रमुख महतोले बताए।

## पूर्वाधार विकास कार्यालयमा तालाबन्दी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ असार**

सम्पन्न भइसकेका तथा अन्तिम चरणमा रहेका विकास आयोजनाको भुक्तानी रोकिएको विरोधमा निर्माण व्यवसायी सङ्घ धनुषाले बुधबार पूर्वाधार विकास कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा तालाबन्दी गरेको छ ।

आर्थिक वर्षको अन्तिम दिनसम्म पनि निर्माण सम्पन्न भएका योजनाको भुक्तानी नहुँदा व्यवसायी आर्थिक संकटमा परेको भन्दै आन्दोलनमा उत्रिएका हुन् । निर्माण व्यवसायीसँगै केही उपभोक्ता समितिका प्रतिनिधिहरू पनि आन्दोलनमा सहभागी भएका थिए । निर्माण व्यवसायी सङ्घ धनुषाका पूर्वमहासचिव विनोद कर्णले सबै आवश्यक कागजी प्रक्रिया पूरा भइसकेका आयोजना समेत भुक्तानीबाट वञ्चित हुँदा व्यवसायीहरू ठूलो आर्थिक दबाबमा परेको बताए। उनका अनुसार सडक, भवन, सिँचाइलगायत विभिन्न पूर्वाधार आयोजनाको काम सम्पन्न भए पनि भुक्तानी रोकिँदा बैंक ऋण, बैंक ग्यारेन्टी, मजदुरको पारिश्रमिक तथा निर्माण सामग्री आपूर्तिकर्ताको रकम भुक्तानी गर्न समस्या भएको छ । उनले विकास निर्माणको काम सम्पन्न गरिसकेपछि पनि सरकारले समयमै भुक्तानी नगर्दा निर्माण व्यवसायीको आर्थिक अवस्था थप कमजोर बन्दै गएको भन्दै तत्काल समस्या समाधान गरी रोकिएको रकम निकासा गर्न माग गरे । उता, पूर्वाधार विकास कार्यालय जनकपुरधामका प्रमुख सञ्जीवकुमार साहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूले कार्यालयमा तालाबन्दी गरेपछि नियमित प्रशासनिक कामकाज प्रभावित भएको जानकारी दिए। प्रमुख साहका अनुसार गैरआवासीय भवन निर्माण शीर्षकअन्तर्गत पूर्वस्वीकृति नलिइएको विषय उल्लेख गर्दै कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी रोक्न पत्राचार गरेको थियो ।






## मनसुन जोखिमको तयारी क्षेत्रमा सुधार गर

नेपालको मनसुन जोखिम एउटै विपद् नभई आपसमा जोडिएका जोखिमहरूको शृंखला रहेको देखिन्छ बाढीले पूर्वसूचना, उद्धार, आश्रयस्थल र नदी व्यवस्थापनको कमजोरी देखाउँछन । पहिरोले असुरक्षित भौगोलिक संरचना, कमजोर सडक र भूमि उपयोग व्यवस्थापनको कमजोरी उजागर गर्छन । सहरी बाढीले कमजोर ढल निकास, अतिक्रमण र स्थानीय तयारीको कमजोरी देखाउँछन । स्वास्थ्य संकटले उपचार, रोग निगरानी, खानेपानी, सरसफाइ र अत्यावश्यक सेवाका कमजोरी देखाउँछन । विस्थापनले जोखिम न्यूनीकरण र मानवीय पुनर्स्थापनाबीचको सन्तुलनको चुनौती देखाउँछन । तयारी सामान्य प्रकृतिको हुन सक्दैन । यो जोखिम अनुसार, स्थानीय तहमा कार्यान्वयन योग्य, मापन गर्न सकिने र जवाफदेही हुनुपर्ने देखिन्छ । तयारीका महत्वपूर्ण खाडलहरू अझै बाँकी रहेको छ । उच्च जोखिम भएका क्षेत्रहरू पहिचान भइसके पनि जोखिम न्यूनीकरणका कामहरू पर्याप्त रूपमा अघि बढेका छैन । स्थानीय तहहरू विपद्को पहिलो प्रतिक्रिया दिने निकाय भए पनि धेरै पालिकाहरूमा अझै प्रशिक्षित जनशक्ति, उद्धार सामग्री, अस्थायी आश्रयस्थल, आपत्कालीन कोष, सञ्चार प्रणाली, एम्बुलेन्स र अत्यावश्यक औषधिको अभाव रहेको देखिन्छ । यस्ता परिस्थितिमा राष्ट्रिय समन्वय, सुरक्षा निकायको परिचालन, सडक खुलाउने क्षमता, आपत्कालीन सामग्री व्यवस्थापन तथा प्रभावित प्रदेश र स्थानीय तहलाई तत्काल सहयोग उपलब्ध गराउने संयन्त्र प्रभावकारी हुनुपर्ने देखिन्छ । स्वास्थ्य र सहरी तयारीका क्षेत्रमा पनि थप सुधार आवश्यक रहेको देखिन्छ । बाढी प्रभावित क्षेत्रमा समेत पूर्वतयारी आवश्यक रहेको देखिन्छ ।

# एचआइभी सम्बन्धी लांछना तथा भेदभाव कम गर्न जनचेतना आवश्यक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ असार**

धनुषामा एचआइभी सम्बन्धि लान्छना तथा भेदभाव कम गर्न एक दिने अभिमुखीकरण कार्यक्रम गरिएको छ । बुधबार जनकपुरधाममा आयोजित कार्यक्रममा जिल्लास्थित स्थानीय तहका जनप्रतिनिधि, प्रहरी, पत्रकारसहित सरोकारवालालाई अभिमुखीकरण गरिएको हो ।

अभिमुखीकरणमा जिल्लामा एचआइभी संक्रमितको अवस्था, उपचार र समाजमा हुने गरेका लान्छना तथा लान्छना र भेदभाव कम गर्न भएका प्रयासबारे छलफल गरिएको थियो । जिल्ला स्वास्थ्य कार्यालय, धनुषाका प्रमुख उमेश कुमार यादवको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधामका एचआइभी शाखा प्रमुख बिनोद कुमार साहले एचआईभीको अवस्थाबारे प्रस्तुतीकरण गरेका थिए ।

साहका अनुसार धनुषासहित मधेशमा एचआइभी संक्रमितको संख्या बढ्दै गएको हो । धनुषामा सबैभन्दा बढी जनकपुरधाममा १ सय २५ जना एचआइभी संक्रमित रहेको छ भने सबैभन्दा कम धनौजी गाउँपालिकामा ९ जना यो रोगबाट ग्रसित रहेको साहले जानकारी दिए । उनका अनुसार धनुषाको १८ वटै पालिकामा एचआइभी संक्रमित रहेका छन् । आफ्नो रोग लुकाउने गरेकाले यसको संख्या कम देखिएको सरोकारबालाहरुले बताए । हात मिलाउँदा, संगै खाना खादा, शौचालयको प्रयोग गर्दा यो रोग सर्ने नभएपनि समाजमा घृणा गर्ने त्रासले यो रोग लुकाउने गरेको उनीहरुले बताए ।

सरोकारवालाहरुले औषधि सेवनमा लापरबाही गर्दा उपचारको प्रभावकारिता घट्न सक्ने र स्वास्थ्य अवस्था जटिल बन्न सक्नेतर्फ सचेत गराएका छन् । उनीहरूले संक्रमित व्यक्तिलाई नियमित स्वास्थ्य परीक्षण गराउन, सन्तुलित आहार लिन र स्वस्थ जीवनशैली अपनाउन पनि सुझाव



दिए । कार्यक्रममा सहभागीहरूले एचआइभी सम्बन्धी भ्रम र विभेद अन्त्य गर्न समाजका सबै पक्षले सहयोग गर्नुपर्ने आवश्यकता औंल्याए । समयमै र निरन्तर औषधि सेवन गर्दा भाइरसको प्रभाव नियन्त्रणमा रहने, रोग प्रतिरोधात्मक क्षमता सुदृढ हुने तथा स्वस्थ जीवनयापन गर्न सहज हुने विषयमा सचेतना फैलाउन सबै सरोकारवाला निकायले पहल गर्नुपर्ने छलफलका सहभागीको भनाइ छ । स्वास्थ्य कार्यालय धनुषाका क्षय कुष्ठ अधिकृत महेश साहले स्वागत मन्तव्य राखेको कार्यक्रममा सरोकारबालाहरुले एचआइभी सम्बन्धि जनचेतना फैलाउनुपर्नेमा जोड दिए । धनुषा जिल्ला समन्वय समितिका संयोजक राजनन्दन मण्डल, सहसंयोजक संगिता ठाकुर, प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेल, प्रहरी उपरीक्षक रुपेश खडका, अनुसन्धान प्रमुख तुलसी प्रसाई, सहायक प्रमुख जिल्ला अधिकारी उमेश दाहाल, जनस्वास्थ्य अधिकृत रामबाबु ठाकुर लगायत नीजि अस्पताल र औषधी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# बस दुर्घटनामा परी ५ वर्षीया बालिका र बसका सहचालकको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १७ असार**

सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ पर्सास्थित भित्री सडकखण्डमा स्कुल बसको दुर्घटनामा परी एक ५ वर्षीया बालिका र बसका सहचालकको मृत्यु भएको छ । मंगलबार अपराह्न करिब ४ बजे विद्यार्थीलाई घरमा छोडेर विद्यालयतर्फ फर्कंदै गरेको को १ ख ३५९९ नम्बरको पायोनियर एजुकेशन एकेडेमीको बसबाट बालिकालाई ओराल्ने क्रममा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बालिकालाई झारेर बस अगाडि बढ्ने क्रममा पछाडिको चक्काले किच्दा बसका सहचालक लहान नगरपालिका-२२ का २५ वर्षीय ओमप्रकाश यादव र सोही विद्यालयमा अध्ययनरत ५ वर्षीया समिक्षा कुमारी साहको घटनास्थलमै मृत्यु भएको हो । मृतक समिक्षा सप्तरीको बोधेबरसाइन नगरपालिका-८ काचन स्थायी घर भएकी हुन् । उनी हाल मावलीको घर सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ पर्सामा बस्दै आएकी थिइन् ।




अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: पिछडेको साथी मिल्न
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# २२ वटा सवारी साधनबाट कालो सिसा हटाईयो




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ असार**

धनुषा प्रहरीले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनलाई तीव्र बनाउँदै जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको विशेष अभियान अन्तर्गत २२ वटा सवारी साधनबाट अवैध रूपमा जडान गरिएको कालो सिसा (टिन्टेड ग्लास) तथा कालो स्टिकर हटाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार बुधबार सञ्चालन गरिएको अभियानमा प्रचलित कानुन विपरीत प्रयोग गरिएका टिन्टेड ग्लास र कालो स्टिकर हटाएको हो । प्रहरीले यस्ता सामग्रीको प्रयोगले सवारीभित्रको गतिविधि बाहिरबाट देख्न कठिन हुने भएकाले सुरक्षा चुनौती बढ्ने जनाएको छ । प्रहरीका अनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम राष्ट्रपति र प्रधानमन्त्रीबाहेक अन्य व्यक्तिले आवश्यक कानूनी प्रक्रिया पूरा गरी अधिकतम २० प्रतिशतसम्म मात्र टिन्टेड ग्लास प्रयोग गर्न पाउने व्यवस्था छ । प्रहरीले अवैध कालो सिसा र स्टिकरको प्रयोगले आपराधिक गतिविधि, अवैध कारोबार, फरार अपराधीको आवतजावत, हतियार ओसारपसार तथा शङ्कास्पद व्यक्तिको पहिचानमा समस्या उत्पन्न हुन सक्ने भएकाले यस्तो अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

प्रहरीले सबै सवारीधनी तथा चालकलाई प्रचलित कानुनको पूर्ण पालना गर्न आग्रह गर्दै सुरक्षित, व्यवस्थित र सभ्य समाज निर्माणमा सबैको सहयोग आवश्यक रहेको जनाएको छ ।

# अपाङ्गता भएका व्यक्तिहरू अझै पनि प्रभावकारी पहुँचबाट वञ्चित

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १७ असार**



अपाङ्गता भएका व्यक्तिहरू यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी आधारभूत जानकारी, सेवा एवम् न्यायमा अझै पनि प्रभावकारी पहुँचबाट वञ्चित रहेको एक कार्यक्रमका वक्ताहरूले बताएका छन् ।

उनीहरूले सामाजिक विभेद, पहुँचयुक्त स्वास्थ्य सेवा र सञ्चारको अभावका कारण अपाङ्गता भएका महिलाहरू दोहोरो विभेदमा परेको भन्दै मधेश प्रदेशले यस क्षेत्रमा छुट्टै नीति, पहुँचयुक्त सेवा र प्रभावकारी समन्वय अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

जनकपुरधाममा बुधबार आयोजित 'यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुँचका लागि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको क्षमता सुदृढीकरण (SCOPE FOR SRHR)' कार्यक्रमअन्तर्गत प्रदेशस्तरीय समन्वय बैठकमा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन अधिकारलाई अझै पनि समाजले स्वीकार गर्न नसकेको गुनासो गरे । कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका महिलामाथि हुने यौन हिंसा, बलात्कार, दुर्व्यवहार तथा लागूऔषध दुर्व्यसनसँग सम्बन्धित घटनामा उनीहरू झन् बढी जोखिममा पर्ने बताए । बोल्न वा आफ्नो कुरा राख्न कठिनाइ हुने महिला तथा किशोरीहरू हिंसाको सिकार हुँदा पनि न्याय र स्वास्थ्य सेवासम्म पुग्न नसक्ने अवस्था रहेको उनीहरूको भनाइ थियो । उनीहरूले अझै पनि ग्रामीण समाजमा 'अपाङ्ग व्यक्तिले विवाह गरेर के गर्छ?', 'उसले बच्चा जन्माउन सक्छ र?' भन्ने गलत सोच कायम रहेको उल्लेख गर्दै यस्तो मानसिकता परिवर्तन गर्न व्यापक जनचेतना आवश्यक रहेको बताए । सहभागीहरूले अपाङ्गता भएका व्यक्तिलाई पनि अन्य नागरिकसरह विवाह गर्ने, परिवार बनाउने, बच्चा जन्माउने वा नजन्माउने, कति बच्चा जन्माउने तथा सुरक्षित गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार संविधानले सुनिश्चित गरेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन हुन नसकेको बताए ।

# ट्राफिक नियमको अनिवार्य पालना गर्न आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ असार**

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले सडक सुरक्षासम्बन्धी जनचेतनामूलक सूचना जारी गर्दै ट्राफिक नियमको अनिवार्य पालना गर्न सबै सवारी चालक तथा यात्रुलाई आग्रह गरेको छ । कार्यालयले विशेषगरी मोटरसाइकल प्रयोगकर्तालाई लक्षित गर्दै हेल्मेट अनिवार्य प्रयोग गर्न, मोटरसाइकलमा दुईजना मात्र सवार गर्नुपर्ने नियम कडाइका साथ पालना गर्न आग्रह गरेको हो । ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्रालाई सुनिश्चित गर्न नियमको पालना अपरिहार्य रहेको उल्लेख गर्दै लापरवाही नगर्न सर्वसाधारणलाई सचेत गराएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार ट्राफिक नियम उल्लङ्घनका कारण सडक दुर्घटनाको जोखिम बढ्ने भएकाले सबैले जिम्मेवार भएर सवारी सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

प्रहरीले आगामी दिनमा पनि यस्ता सचेतनामूलक अभियानलाई निरन्तरता दिने जनाएको छ ।



अनुरोधकर्ता
क्षिरेश्वरनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
नगराईन नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
बिदेह नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
सबैला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# मह : ग्रामीण समृद्धिको आधार

-मह केवल मिठासको स्रोत नभई स्वास्थ्यका लागि फाइदाजनक तत्व र ग्रामीण समृद्धिको आधार हो। मौरीपालन र मह उत्पादनमा गुणस्तर, विषादी, मिलावट र बजार पारदर्शिताजस्ता चुनौती छन्, जसको समाधानले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सक्छ। नीति सुधार, अनुसन्धान, तालिम र स्थानीय उत्पादकको समर्थनले मह क्षेत्रको सम्भावना अझै विस्तार गर्न सकिन्छ।

मानव इतिहासकै सबैभन्दा पुरानो मिठासयुक्त खाद्य पदार्थमध्ये एक हो- मह। परिस्कृत चिनी भान्सामा भित्रिनु धेरै अघिदेखि नै मानिसहरू मिठास र ऊर्जा पाउन महमै भर पर्थे। तर, मह चिनी घोलिएको पानी होइन। मौरीले फूलबाट रस संकलन गर्छन् र त्यसलाई आफ्नै एन्जाइमको मद्दतले, पानीको मात्रा घटाउँदै, घारभित्र भण्डारण गर्ने प्रक्रियामार्फत महमा रूपान्तरण गर्छन्। अन्त्यमा बन्ने महमा चिनी मात्रै हुँदैन। त्यसमा थोरै खनिज, भिटामिन, एन्जाइम र फूल-बोटबिरुवाबाट आएका अन्य उपयोगी तत्त्व पनि हुन्छन्। त्यसैले मह साधारण मिठासभन्दा फरक र खास मानिन्छ। देशका विभिन्न ठाउँबाट संकलित महमाथिका अनुसन्धानले यसमा प्राकृतिक चिनीको उचित मात्रा, शरीरका लागि फाइदाजनक एन्टिअक्सिडेन्ट तत्त्व र जीवाणु रोक्ने गुण पाइने देखाएका छन्। केही अनुसन्धानले त हानिकारक ब्याक्टेरियाको वृद्धि रोक्ने क्षमतासमेत देखाएका छन्, जसले गर्दा घाउ हुँदा वा घाँटी दुख्दा मह प्रयोग गर्ने पुरानो चलन किन बस्यो भन्ने बुझ्न सजिलो हुन्छ। महमा कस्ता उपयोगी तत्त्व हुन्छन् भन्ने कुरा मौरीले कुन फूलबाट रस ल्याएको हो, त्यसमा भर पर्छ। प्रायः वनजंगल वा जंगली बोटबिरुवाबाट संकलन गरिने गाढा रङको महमा शरीरका लागि फाइदाजनक एन्टिअक्सिडेन्ट तत्त्व अलि बढी पाइन्छ। यी तत्त्वले शरीरभित्र हुने हानिकारक असर कम गर्न मद्दत गर्छन्। त्यसैले यस्ता महले उमेर बढ्दै जाँदा हुने क्षति घटाउन र दीर्घरोगसँग जोडिने जोखिम कम गर्न सहयोग पुर्‍याउँछ। अहिले महलाई आक्रामक रूपमा बजारमा बेच्न थालिएको छ। आयातित ब्रान्डहरू स्थानीय महसँग प्रतिस्पर्धा गरिरहेका छन्। सामाजिक सञ्जालमा 'म्याड हनी' जस्ता विशेष महलाई निकै चर्चित बनाइन्छ।अहिले महलाई आक्रामक रूपमा बजारमा बेच्न थालिएको छ। आयातित ब्रान्डहरू स्थानीय महसँग प्रतिस्पर्धा गरिरहेका छन्। सामाजिक सञ्जालमा 'म्याड हनी' जस्ता विशेष महलाई निकै चर्चित बनाइन्छ। स्वास्थ्य र जीवनशैलीका इन्फ्लुएन्सरले महलाई तौल घटाउनेदेखि पाचन, निद्रा, रोग प्रतिरोधक क्षमता र झन्डै सबै समस्याको समाधानजस्तै गरी प्रचार गर्छन्। तर, आधुनिक खेतीपाती भने झन् रासायनिक औषधिमा निर्भर हुँदै छ, जसको असर मौरी र अन्ततः महको गुणस्तरमै पर्ने खतरा बढ्दो छ। नेपाली उत्पादनमध्ये अन्तर्राष्ट्रिय जगत्मा यति चर्चा पाएको अर्को वस्तु सायद कमै होला, जति म्याड हनीले पाएको छ। सामाजिक सञ्जालमा विदेशी पर्यटक नेपाल आएर डाँडाकाँडा चढ्दै मह चाख्ने र त्यसपछि नशाजस्तो असर परेको दृश्य देखिन्छ। यसको मूल्य पनि बढ्दै गएको छ र मह संकलनका यात्रालाई अहिले साहसिक पर्यटनका रूपमा प्रचार गर्न थालिएको छ। तर, म्याड हनी अनौठो, रमाइलो वस्तु मात्रै होइन। केही प्रकारका गुराँसका फूलबाट संकलन गरिएको रसमा पाइने ग्रायानोटोक्सिन नामका प्राकृतिक विषाक्त तत्त्व यसमा मिसिएको हुन्छ। यी तत्त्वले स्नायु प्रणालीमा असर गर्छन्। धेरै खाइयो भने टाउको घुम्ने, पसिना आउने, बान्ता हुने, रक्तचाप घट्ने र मुटुको धड्कन सुस्त हुने समस्या देखिन सक्छ। कतिपय अवस्थामा उपचारका लागि अस्पतालसम्म पुग्नुपर्ने हुन सक्छ। परम्परागत रूपमा स्थानीय समुदायले म्याड हनीलाई औषधीय प्रयोजनका लागि निकै सानो मात्रामा, सावधानीपूर्वक प्रयोग गर्थे। यसलाई कहिल्यै सामान्य रूपमा वा रमाइलोका लागि खाने चलन थिएन। उता, चट्टानमा झुन्डिएर र ज्यान जोखिममा राखेर मह संकलन गर्छन् मान्छेहरू। उनीहरूका लागि यो मनोरञ्जन होइन, जीविकोपार्जन र सांस्कृतिक परम्परा हो। तर, सामाजिक सञ्जालमा मह खाएपछि देखिन सक्ने स्वास्थ्य आपत्कालीन अवस्थाबारे कमै देखाइन्छ। पर्याप्त जानकारीबिनै 'म्याड हनी' लाई केवल रोमाञ्चक वस्तुका रूपमा प्रचार गर्दा मानव सुरक्षासँगै सांस्कृतिक अर्थसमेत बिग्रिने जोखिम हुन्छ। गाउँघरको मह र बजारमा पाइने मह सधैं एउटै हुँदैन। आजकाल सहरका धेरै



उपभोक्ता प्याकेट वा बोतलमा बन्द मह किन्ने गर्छन्। ती बोतलमा 'शुद्ध', 'अर्गानिक' र 'स्वास्थ्यका लागि फाइदाजनक' लेखिएको हुन्छ। तर, वास्तविकता सधैं त्यति सरल हुँदैन। महको गुण कति राम्रो रहन्छ ? यो विषय यसलाई कसरी प्रशोधन गरियो र कति समयसम्म राखियो भन्नेमा भर पर्छ। महलाई धेरै तताइयो वा धेरै दिन राखियो भने त्यसको गुण बिस्तारै घट्न सक्छ।

यस्तो बेला महभित्र 'पुरानो भएको' देखाउने केही रासायनिक संकेत बढ्छन्। तीमध्ये एक संकेत हाइड्रोक्सिमिथाइलफर्फुराल (एचएमएफ) हो, जुन धेरै तताइएको वा लामो समय राखिएको महमा बढी देखिन सक्छ। केही अनुसन्धानले बजारमा पाइने केही व्यावसायिक महमा यस्तो संकेत बढी भेटिएको देखाएको छ। यसले मह धेरै तताइएको वा लामो समय भण्डारण गरिएको हुन सक्ने अनुमान दिन्छ। अर्को समस्या मिलावटको हो।

कहिलेकाहीं महको मात्रा बढाउन चिनीको झोल वा अन्य मिठास मिसाइने गरेको पाइन्छ। उपभोक्ताले स्वादबाट मात्रै यस्तो कुरा सजिलै थाहा पाउन सक्दैनन्। यसले बिस्तारै बजारप्रतिको विश्वास घटाउँछ र इमानदार मौरीपालकलाई घाटा पुर्‍याउँछ। विडम्बना के छ भने, आज धेरै सहरिया उपभोक्ता आयातित महका लागि महँगो मूल्य तिर्छन्, तर आफ्नै गाउँघरका मौरीपालक भने शुद्ध मह उचित मूल्यमा बेच्न संघर्ष गरिरहेका छन्। भरपर्दा स्थानीय उत्पादकलाई समर्थन गर्नु महको गुणस्तर जोगाउनु मात्रै होइन, गाउँको जीविकोपार्जनलाई पनि साथ दिनु हो।

**साभार : कान्तिपुर ।**





**अनुरोधकर्ता**
**औरही गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**जनकनन्दिनी गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**हंसपुर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday